annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक १२५ पृष्ठ ८ | काठमाडौं, सोमबार १६ भदौ २०८२ | भाद्र शुक्लपक्ष नवमी नेपाल संवत् ११४५ | MONDAY, SEPTEMBER 1, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री मोदीबीच भेट



**राधा खनाल** | *काठमाडौं*

चीन भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भेट भएको छ। सांघाई कोअपरेसन अर्गनाइजेसन (एससीओ)को शिखर सम्मेलनको क्रममा चीन भ्रमणमा रहेका ओली र भारतीय प्रधानमन्त्री मोदीबीच चिनियाँ राष्ट्रपति सी चिनफिङले आयोजना गरेको सामूहिक रात्रिभोजका क्रममा भेट भएको हो।

एससीओ सम्मेलनको पूर्वसन्ध्यामा आयोजित रात्रिभोजमा उनीहरूबीच अनौपचारिक भेटवार्ता भएको हो। भारतीय प्रधानमन्त्री मोदीले प्रधानमन्त्री ओलीसँग भेट्न पाउँदा खुसी लागेको भन्दै सामाजिक सञ्जाल एक्समा लेखेका छन्। उनले नेपाल र भारतबीचको सम्बन्ध विशेष रहेको उल्लेख गर्दै भनेका छन्, 'तियानजिनमा नेपालका प्रधानमन्त्री केपी ओलीलाई भेट्न पाउँदा खुसी लाग्यो। नेपालसँग भारतको सम्बन्ध गहिरो र विशेष छ।'

यसैगरी, प्रधानमन्त्री ओली र समाजवादी गणतन्त्र भियतनामका प्रधानमन्त्री फाम मिन चिङबीच दुईपक्षीय भेटवार्ता भएको छ। भेटका अवसरमा दुई देशबीचको सांस्कृतिक, कूटनीतिक र आर्थिक सम्बन्ध र सहकार्यका विविध पक्षमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

प्रधानमन्त्री चिङले उपराष्ट्रपति भो थी आन सुआनको हालैको नेपाल भ्रमणको स्मरण गर्दै प्रधानमन्त्री ओलीलाई भियतनाम भ्रमणका निम्ति आमन्त्रण गरेका छन्। प्रधानमन्त्री ओलीले भियतनामको स्वतन्त्रताको लडाइँमा नेपालको ऐक्यबद्धता प्रकट गर्दै छोटो अवधिमा सो मुलुकले गरेको प्रगति सबैका निम्ति प्रेरक रहेको बताए।

प्रधानमन्त्री ओलीले नेपाल आगामी वर्ष विकासशील मुलुकमा स्तरोन्नति हुने अवगत गराउँदै पर्याप्त प्रतिफल प्राप्त हुने ऊर्जा क्षेत्रमा लगानी गर्न आह्वान गरे। उनले समकक्षी चिङलाई नेपाल भ्रमणको निमन्त्रणा पनि गरे।

भियतनामका प्रधानमन्त्रीसँगको भेटपछि प्रधानमन्त्री ओलीले दक्षिण एसियाली मुलुक माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुसँग भेटवार्ता गरेका छन्।

चीन भ्रमणको दोस्रो दिन प्रधानमन्त्री ओलीको पहिलो कार्यक्रम जिनान जिल्लाको सिआओझानस्थित धान उत्पादन विशेष क्षेत्रको अवलोकनबाट सुरु भएको थियो। लगत्तै उनले चाउ एन-लाई र तङ यिङ्चाओ स्मृति संग्रहालयको अवलोकन गरेका थिए।

बाँकी पृष्ठ ६

कभर स्टोरी

# यसकारण लिम्पियाधुरा हाम्रो हो

'नेपाल जसरी आफ्नो भूमि कुनै मुलुकविरुद्ध प्रयोग हुन नदिने विषयमा स्पष्ट छ, त्यसैगरी आफ्नो भूमिका विषयमा अरू मुलुकले गर्ने सहमतिमा पनि उत्तिकै असहमति व्यक्त गर्दछ,' प्रधानमन्त्री केपी ओलीले चीनका राष्ट्रपति सी चिनफिङसँग स्पष्ट भनाइ राखे, सार्वभौम मुलुकको दर्विलो अडान राखे। तथ्य, प्रमाण सबैले लिपुलेक नेपाली भूमि भए पनि भारत र चीनले एकतर्फी रूपमा लिपुलेकलाई व्यापार नाका बनाउने हालै सहमति गरे। उक्त सहमतिप्रति गम्भीर असहमति जनाएका प्रधानमन्त्री ओली चीनपछि भारत भ्रमणमा जाँदैछन्। भारत भ्रमणका क्रममा पनि यो विषय गम्भीरतापूर्वक उठाएर वार्ता र सम्वादबाट दुवै देश सहमतिमा पुग्नुपर्ने विज्ञहरू बताउँछन्।




**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

## अमेरिकाबाट ७ महिनामा २ लाख बढी आप्रवासी निष्कासित

**सुरज भण्डारी** | *अमेरिका*

अवैधानिक रूपमा अमेरिकामा बस्दै आएका करिब दुई लाख बढी आप्रवासीलाई निष्कासन गरिएको छ। राष्ट्रपति डोनाल्ड जे ट्रम्पको दोस्रो कार्यकालको ७ महिनामा अमेरिकाबाट यति ठूलो संख्यामा आप्रवासी निष्कासित गरिएका हुन्।

ट्रम्प प्रशासनको सुरुवातदेखि अगस्त २७ सम्म २ लाख ७९ लाई अमेरिकाबाट निष्कासन गरिएको अमेरिकी अध्यागमन तथा भन्सार प्रवर्तन विभाग (युनाइटेड स्टेट्स इमिग्रेसन एन्ड कस्टम इन्फोर्समेन्ट (आइस))को तथ्यांकले देखाएको छ।

ट्रम्प आउनुअघि राष्ट्रपति जो बाइडेनको कार्यकालको अन्त्यतिर अक्टोबरदेखि डिसेम्बरसम्म ७१ हजार ४ सय ५ जना अमेरिकाबाट निष्कासनमा परेका थिए। ट्रम्पले राष्ट्रपति पद सम्हालेयता र उनी आउनुभन्दा अघि बाइडेनको कार्यकालको अन्त्यतिरको तथ्यांकलाई जोड्दा अमेरिकी चालु संघीय आर्थिक वर्षमा करिब २ लाख ७१ हजार ४ सय ८४ अमेरिकाबाट निष्कासनमा परेका छन्।

अमेरिकी आर्थिक वर्षमा अमेरिकाबाट निष्कासन परेकाहरूको यो तथ्यांक दशक यताकै बढी हुन आउँछ। आर्थिक वर्ष सकिन अझै एक महिना बाँकी रहेकाले यो तथ्यांक अझ बढ्न सक्नेछ। अमेरिकामा अक्टोबर १ देखि सेप्टेम्बर ३० आर्थिक वर्ष (फेडरल फिस्कल एयर) हो। जसलाई तीन महिनाको एक भाग गरी चार भागमा बाँडिएको हुन्छ।

दशककै बढी कागजातविहीनलाई अमेरिकाबाट निष्कासन गरिए पनि अमेरिकाको इतिहासमा यो नै सबैभन्दा बढी आर्थिक वर्षमा अमेरिकाबाट कागजातविहीनलाई निकाला



गरिएको तथ्यांक भने होइन। सन् २०१४ को आर्थिक वर्षमा ३ लाख १५ हजार ९ सय ४३ जनालाई अमेरिकाबाट निष्कासित गरिएको थियो। त्यसभन्दा अघि सन् २०१३ मा ३ लाख ६८ हजार ६ सय ४४ जना अमेरिकाबाट निष्कासनमा परेका थिए। त्यसबेला बाराक ओबामा अमेरिकाका राष्ट्रपति थिए।

चालु आर्थिक वर्षमा निष्कासनमा परेकाहरूमा ३३ प्रतिशत आपराधिक क्रियाकलापमा संलग्न भएकाहरू रहेको आइसले जनाएको छ। आइसका अनुसार ४७ हजार ८ सय ८५ अपराधी करार भई सजाय पाएका, १६ हजार ५ सय ५२ यौन अपराधमा संलग्न भएका, २ हजार ६ सय ९९ हत्यामा संलग्न भएकाहरू छन् भने २ सय ३७ जना आतंकवादी क्रियाकलापमा संलग्न रहेकाहरू निष्कासनमा परेका हुन्।

पछिल्लो कार्यकालको सुरुवातमै अवैध रूपमा अमेरिका बसेकाहरूलाई देश निकाला गर्नुका साथै आप्रवासन कानुनलाई कडाइका साथ लागू गराउने उद्घोषसहित राज्य संयन्त्रका निकायलाई राष्ट्रपति ट्रम्पले टार्गेट दिँदै सक्रिय पारेका थिए।

बाँकी पृष्ठ ६

## इजरायली आक्रमणमा मारिए यमनी हुथी प्रधानमन्त्री

**साना** (एजेन्सी) : इजरायली हवाई आक्रमणमा यमनको राजधानी सानामा हुथी विद्रोही नियन्त्रित सरकारका स्वघोषित प्रधानमन्त्री अहमद गालेब नासेर अल-राहवीको मृत्यु भएको छ। साताको सुरुमा भएको आक्रमणमा परी उनको मृत्यु भएको हुथी विद्रोहीहरूले पुष्टि गरेका छन्।

विद्रोहीहरूले शनिबार एक विज्ञप्ति प्रकाशित गरी बिहीबार सानामा भएको आक्रमणमा अहमद अल-राहवी अन्य धेरै मन्त्रीहरूसहित मारिएको जनाएका छन्। केही मन्त्रीहरू र अधिकारीहरू घाइते भएको पनि विज्ञप्तिमा जनाइएको छ।

समूहको सर्वोच्च राजनीतिक परिषद्का प्रमुख महदी अल-मशातले भने, 'हामी ईश्वर, प्रिय यमनी जनता, सहिद र



घाइतेहरूका परिवारसँग यो प्रतिज्ञा गर्छौं कि हामी बदला लिनेछौं।' उनले विदेशी कम्पनीहरूलाई पनि धेरै ढिलो हुनु अघि इजरायल छोड्न चेतावनी दिए।

इजरायली रक्षामन्त्री इजरायल काट्जले शनिबार हमला हुथीहरूविरुद्ध एक क्रुर प्रहार रहेको जनाउँदै उनले यो केवल सुरुवात मात्र रहेको जनाए।

# सर्वोच्चले पहिले भनेको थियो,'आमा सत्य, बुवा विश्वास' अहिले भन्यो, 'परम्परागत कथन अवैज्ञानिक, दुवै सत्य'

## नाता कायममा सर्वोच्चको फैसला

**दिनेश गौतम** | *काठमाडौं*

**न्यायाधीश** : बलराम केसी र सुशीला कार्की
**इजलास** : संयुक्त
**मुद्दा** : नाता कायम गरी अंश
**फैसला मिति** : २०६७ जेठ ११

फैसला : कुनै जातकको पितृत्वको विवादमा आमाको भनाइले महत्वपूर्ण स्थान रहन्छ। अन्य कुरासँग बाझिदैन र परिस्थितिजन्य कुराहरूले समर्थन गर्दछ भने आमाको भनाइलाई नाताको विवादमा महत्वपूर्ण प्रमाणका रूपमा ग्रहण गर्नुपर्छ।

ooo

**न्यायाधीश** : विनोद शर्मा र टेकप्रसाद ढुंगाना
**इजलास** : संयुक्त
**मुद्दा** : नाता कायम गरी अंश
**फैसला मिति** : २०८१ मंसिर १६

फैसला : बच्चाको सन्दर्भमा 'आमा सत्य हो र बुवा विश्वास हो भन्ने परम्परागत कथनलाई आधुनिक विज्ञान र प्रविधिको विकासले उक्त कथन अवैज्ञानिक र भ्रम फैलाउने समाजको मनोगत विश्वासमा आधारित रहेको पुष्टि गरिसकेको छ। डीएनए गुण परीक्षण पद्धतिबाट पितृत्व निर्धारण गर्ने हालसम्मको सबैभन्दा प्रमाणिक, वास्तविक एवं यथार्थ (एक्युरेट) वैज्ञानिक पद्धतिको रूपमा स्वीकार गरिएको छ भने यसको प्रमाणिकता लगभग शतप्रतिशत ९९ दशमलव ९ प्रतिशत रहेको मानिएको छ।

सन्तानलाई जन्म दिने आमा भएकाले पहिचानको पहिलो र भरपर्दो स्रोतका रूपमा आमालाई लिइन्छ। आमाले दिएको आधार विश्वासिलो भएमा अन्य प्रमाणको समेत जरुरत पर्दैन। आमाको भनाइ नै विरोधाभास भएपछि के गर्ने ? सर्वोच्च अदालतले यस्तै एक मुद्दामा पछिल्लो पटक डीएनए परीक्षणलाई विश्वास गरेको छ।

१४ वर्षको अन्तरालमा सर्वोच्च अदालतबाटै कानुनको व्याख्यामा नयाँ नजिर स्थापित भएको छ। ०८१ मंसिर १६ गते सर्वोच्चका बहालवाला न्यायाधीशद्वय विनोद शर्मा र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले अंशसम्बन्धी मुद्दामा मातृत्व र पितृत्व निर्धारणका लागि डीएनए परीक्षणलाईलाई विश्वासिलो मानेको छ। २०६७ जेठ ११ गते सर्वोच्च अदालतका तत्कालीन न्यायाधीशद्वय बलराम केसी र सुशीला कार्कीले राजीव गुरुङविरुद्ध नीति गुरुङको मुद्दामा पितृत्वको विवादमा आमाको भनाइले महत्वपूर्ण स्थान रहने फैसला गरेको थियो।

२०५७ सालमा प्रेम बसी करणी लिनुदिनु भई २०५८ वैशाखदेखि महिनावारी हुन रोकिएको उल्लेख गर्दै नीताले लोग्ने स्वास्नीको नाता कायम गरिपाउन र विपक्षी राजीव गुरुङ र रबिन गुरुङका बीच बाबु छोराको नाता कायम गरिपाउँ भन्दै मुद्दा दायर गरेकी



थिइन्। सर्वोच्चको फैसलामा भनिएको थियो, 'अन्य कुरासँग बाझिदैन र परिस्थितिजन्य कुराहरूले समर्थन गर्दछ भने आमाको भनाइलाई नाताको विवादमा महत्वपूर्ण प्रमाणका रूपमा ग्रहण गर्नुपर्दछ।'

**यस्तो छ मुद्दाको प्रकृति**

नुवाकोटका प्रदीप केसी र बागलुङकी सलिनाबीच २०५८ सालमा प्रेम विवाह भयो। २०६० कात्तिक १३ गते परोपकार प्रसूति गृह, काठमाडौंमा छोरी (प्रसना)को जन्म भयो। आफ्नो छोरी जन्मिएको १० महिनापछि बल्ल सलिनाले आफ्नो श्रीमान्को जेठी पत्नी भएको र तीन सन्तान रहेको थाहा पाइन्। दुई वर्ष दिदीबहिनीका रूपमा दुवै जना मिलेरै बसे। सुमधुर सम्बन्ध रह्यो। तर, २०६२ सालदेखि सम्बन्ध खल्बलियो। अन्ततः कान्छी सलिनाले सम्पत्तिलाई ६ भाग लगाई २ भाग अंश छुट्याई पाउँ भन्दै फिरादपत्र लिएर अदालतको दैलो टेकिन्। उता प्रदीपले २०४९ सालमा आफूले परिवार नियोजन गरेको र सलिना र प्रसनासँग आफ्नो कुनै नाता सम्बन्ध नभएको अदालतमा दाबी गरे। उनले बाँके जिल्लाको रझेना गाविसमा गराएको विवाह दर्ता प्रमाणपत्रलाई गाविस सचिवसँगको मिलेमतोमा जालसाजी तरिकाले बनाएको जिकिर गरे। उनले आफ्नो र सलिनाको डीएनए जाँच गर्नसमेत माग गरे। काठमाडौं जिल्ला अदालतले डीएनए परीक्षण गराउन आदेश दियो। २०७४ सालमा नाता पर्ने देखिएकाले अंश भाग पाउने फैसला गर्‍यो।

**दुई पटकको डीएनएमै परीक्षणमा फरक आएपछि...**

डीएनए परीक्षण गर्दा प्रदीप र प्रसनाबीच ७ वटाभन्दा बढी गुण भिन्नता देखिएको भन्ने परीक्षण प्रतिवेदन रहेको छ। सर्वोच्च अदालतको आदेशबमोजिम गठित ३ सदस्यीय बोर्डबाट डीएनए परीक्षण गर्दासमेत ११ वटाभन्दा बढी डीएनए गुण भिन्नता देखियो। प्रसना केसीको जैविक बाबु प्रदीप होइन भनी परीक्षण प्रतिवेदन पेस भयो।

सर्वोच्चले अन्य विश्वसनीय प्रमाण नभएमा डीएनए परीक्षण गरी मातृत्व तथा पितृत्व निर्धारण गर्ने हाल विश्वमा प्रचलित मान्यता रहेको देखिने जनाएको छ। आनुवंशिक परीक्षण (डीएनए टेस्टिङ) प्रविधिले पितृत्वको निर्धारण अनुमानका आधारमा वा आमाको भनाइ वा अन्य अप्रत्यक्ष प्रमाणका आधारमा निर्धारण गरिनुपर्ने भन्ने परम्परागत मान्यतालाई खण्डित गरेको सर्वोच्च अदालतको फैसलामा उल्लेख छ।

हालै सार्वजनिक भएको फैसलाको पूर्णपाठमा भनिएको छ, 'योग्य र तालिमप्राप्त कुशल विशेषज्ञबाट परीक्षण गरिएमा तथा परीक्षण विधि र प्रोफाइलको तुलना गर्दा कुनै त्रुटि नगरी निष्कर्ष निकालेको खण्डमा डीएनए परीक्षण पद्धति हालसम्म उपलब्ध पद्धतिहरूमध्ये पितृत्व निर्धारणमा सबैभन्दा बढी यथार्थ (एक्युरेट) रहेको मानिएको छ।

बाँकी पृष्ठ ६